श्री सम्पादकज्यू,

कर्मचारी प्रेस, अनलाईन काठमाण्डौं ।

बिषयः खण्डन भनाई संबन्धमा ।

उपयुक्त संबन्धमा तपाई सम्पादक रहेको "कर्मचारी प्रेस" अनलाईन सञ्चार माध्ययमबाट मिति २०८३ भाद्र ८, १७, १८ र २९ गते "नागार्जुनमा भत्ताको ब्रह्मलुटः दुई कर्मचारीले चार बर्षमै बुझे करोडौं" "अख्तियारलाई चुनौती दिँदै नागार्जुन नगरपालिकाका दुई कर्मचारीः ६ लाख बर्षको तलव भत्ता मात्रै बुझे ९७ लाख" "नागार्जुनमा आलेप गिरीको काज फिर्ता तह बृद्धि देखि करोड नजिकको भुक्तानी सम्म अख्तियारमा छानबीन हुँदै" "अख्तियार छिर्यो नागार्जुन नगरपालिकामाः करोडौ तलव भत्ता बुझ्ने आलेप अधिकृत गिरी माथी छानबिन" शिर्षकमा प्रकाशित, प्रसारित सामाग्री उपर मेरो ध्यानाकर्षण भएको छ । उक्त समाचार सामाग्रीका संबन्धमा मेरो देहाय अनुसार बुँदागत प्रतिक्रिया एवं खण्डन रहेको छ । उक्त खण्डन एवं प्रतिक्रियालाई स्थान दिनुहुन अनुरोध गर्दछु ।

देहायः

१. प्रकाशित प्रसारित सामाग्रीको शिर्षक चयनमा जुन शब्दहरु "भत्ताको ब्रह्मलुट" "अख्तियारलाई चुनौती दिँदै" "करोडौं तलव भत्ता बुझे" जस्ता शब्दावली अत्यन्त गम्भिर र पूर्वाग्रह उत्पन्न गर्ने प्रकृतिका छन । उक्त बिषयको शब्द चयनले कुनै ब्यक्तिको ब्यक्तिगत, पारिवारिक, पेशागत तथा सामाजिक प्रतिष्ठामा गम्भिर असर पर्छ भन्ने कुरामा ध्यान दिईएको पाईएन । सबैभन्दा गम्भीर आपत्तिको विषय के हो भने, मेरो पेसागत आचरण, आर्थिक कारोबार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सम्बन्धित जस्तो गम्भीर प्रकृतिको समाचार प्रकाशन गर्नुअघि तपाईको सञ्चारमाध्यमबाट मसँग कुनै पनि माध्यमबाट सम्पर्क गरिएको छैन । यस बिषयका प्रकाशित समाचारले पाठकहरुलाई भ्रम सृजना गरि मेरो पेशागत तथा सामाजिक प्रतिष्ठामा गम्भिर असर परेको छ । यदि कुनै विषय

अनुसन्धान वा छानबिनको क्रममा मात्र रहेको हो भने त्यसलाई त्यही अवस्थाका रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । छानबिन भइरहेको हुनु र कसुर प्रमाणित हुनु कानुनी रूपमा पूर्णतः फरक विषय हुन् । कुनै अनुसन्धान, उजुरी वा छानबिनलाई आधार बनाएर सम्बन्धित व्यक्तिले अपराध वा आर्थिक अनियमितता गरिसकेको अर्थ लाग्ने गरी समाचार प्रस्तुत गर्नुले सर्वसाधारणमा गलत धारणा सिर्जना गर्न सक्छ । अतः उक्त शब्दावली प्रयोग गरी मेरो प्रतिष्ठामा पुर्याइएको क्षतिको सम्पूर्ण जिम्मेवारी समाचार तयार गर्ने पत्रकार, सम्पादक तथा प्रकाशकले लिदै क्षमायाचना सहित प्रकाशित गर्नुपर्ने देखिन्छ । नागार्जुन नगरपालिकामा भएको यथार्थः

(क) आन्तरिक लेखापरीक्षण संबन्धी पृष्ठभूमिः

म नगरपालिकामा आन्तरिक लेखापरीक्षणको जिम्मेवारीमा रहि आर्थिक प्रशासनलाई अनुसाशित, पारदर्शी र व्यबस्थित बनाउने तथा अनावश्यक वा कानूनसम्मत आधार नभएका खर्च नियन्त्रण गर्ने उद्धेश्यले आफ्नो पदिय जिम्मेवारी निर्वाह गर्दै आएको थिँए । यसै क्रममा बिभिन्न सुधारात्मक सुझाव सहित मिति २०८२।०५।११ गते ४३ पृष्ठको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको थिँए । मिति २०८२।०७।२७ गते अखितयार दुरुपयोग अनुसन्धान आयोगबाट नागार्जुन नगरपालिकामा छापाहानी बिभिन्न कागजात नियन्त्रणमा लिए पश्चात उक्त प्रतिवेदनका केहि बिषय संशोधन गरि प्रतिवेदनबाट हटाउन प्रमुख प्रशासकीय अधिकृत तथा कार्यवाहक नगर प्रमुखबाट मलाई बिभिन्न किसिमको दवाव आएको भएता पनि तथ्य र प्रमाणका आधारमा संशोधन गर्नुपर्ने तथा हटाउनु पर्ने आधार नदेखिएकोले मैले आलेप प्रतिवेदन संशोधन गर्न असमर्थता जनाएको थिँए । तत् पश्चात म माथि बिभिन्न निराधार आरोप लगाई मिति २०८२।०९।२९ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मेरो साविकको कार्यालय मुसिकोट नगरपालिकामा फिर्ता गर्ने

प्रयोजनार्थ प्रमुख प्रशासकीय अधिकृत र कार्यवाहक नगर प्रमुख दुवै जनाको दस्तखत सहित पत्राचार गरिएको थियो । तर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मलाई फिर्ता गर्ने कुनै निर्णय नभएको हुँदा म नागार्जुन नगरपालिकाकै कर्मचारी रहदै आएको हुँ । नगरपालिकाको स्वीकृत आन्तरिक लेखापरीक्षण योजना अनुसार त्रैमासिक रुपमा आलेप गर्नको लागि श्रेस्ता माग गर्दा समेत मलाई जिम्मेवारी बिहिन बनाउने उद्धेश्य राखि आफ्ना अनियमितता ढाकछोप गर्ने मनसायका साथ आर्थिक बर्ष २०८२।८३ को श्रेस्ता आन्तरिक लेखापरीक्षणको लागि मलाई उपलब्ध नगराईएको र कार्यालयमा हाल मलाई कानून विपरित हुने गरि जिम्मेवारी विहिन अबस्थामा राखिएको छ ।म नगरपालिकामा हाजिर हुँदाहुदै कोलेनिकाबाट आलेप गराउने भनि नगरकार्यपालिकाबाट निर्णय समेत गरेको जानकारी मैले प्राप्त गरेको छु । मैले नगरपालिकामा रहेको अनियमितता नियन्त्रणको प्रयास गर्दा जिम्मेवार पदाधिकारीहरुको साथ सहयोग पाउनु पर्नेमा उल्टै आफ्नो ध्येय प्राप्तिको लागि नगरपालिका भित्रबाट नै म बिरुद्ध वेनामी उजुरीहरु दर्ता गराउने, झुठ्ठा बिबरण संकलन गर्ने तथा पेशागत तथा सामाजिक प्रतिष्ठामा असर पर्ने गरि मिडिया ट्रायल गराउने कार्य भईरहेको सूचना समेत मैले प्राप्त गरेको छु । यी सम्पूर्ण घटनाक्रम कर्मचारी प्रेसमा प्रकाशित समाचारको विषयवस्तुसँग प्रत्यक्ष रूपमा सम्बन्धित पृष्ठभूमि भए तापनि समाचार प्रकाशन गर्दा उक्त पृष्ठभूमि र मेरो धारणा समावेश गरिएको देखिएन। एक पक्षिय समाचार सम्प्रेषणबाट पिडित ब्यक्ति नै थप पिडित भएको महसुस मैले गरेको छु ।

(ख) **कार्यालयमा अनुपस्थित रहेको भन्ने समाचारको तथ्यगत अवस्थाः**

प्रकाशित समाचारमा नगरपालिकाबाट प्रेषित पत्रलाई आधार बनाई मिति २०८२।१२।०१ गते देखि २०८३।०२।१० सम्म बिना जानकारी कार्यालयमा अनुपस्थित रहेको भन्ने आशय प्रस्तुत गरिएको छ । तर मेरो

दावी र म संग उपलब्ध प्रमाण अनुसार नगरपालिकाको डिजिटल हाजिरी प्रणालीमा २०८२।१२।३० गते सम्म मेरो घरबिदा अभिलेख भएको छ र सो अबधी सम्मको तलब भत्ता समेत भुक्तानी भएको थियो । मैले २०८३ बैशाख १ गते देखि बैशाख २५ गते सम्मको बिदा स्वीकृतका लागि ईमेल मार्फत बिदाको निवेदन पेश गरेको प्रमाण समेत सुरक्षित राखेको छु । उक्त अबधीसम्म म कार्यालय संग नियमित सम्पर्कमै रहेको थिँए । त्यसैले बिना जानकारी अनुपस्थित भन्ने बिषय प्रकाशन गर्नु अघि मेरो बिदा निवेदन, डिजिटल हाजिरी अभिलेख तथा सम्बन्धित प्रमाण परिक्षण गरि मेरो प्रतिक्रिया लिनुपर्नेमा त्यसो गरेको पाईएन ।

(ग) **डिजिटल हाजिर निस्कृय र कार्यालयमा उपस्थित हुन खोजेको अवस्थाः**

मेरो २०८३ बैशाख १ गते देखिको बिदाको निवेदन कार्यालयमा पेश भए पछि कार्यवाहक नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले म प्रति दुषित मनसाय राखि मेरो डिजिटल हाजिर निष्कृय गराएको र यस अघि हाजिरी अभिलेखमा रहेको बिदा संबन्धी बिबरण समेत हटाईएको जानकारी प्राप्त भए पछि म मिति २०८३ बैशाख २२ गते कार्यालयमा उपस्थित भएको थिए । डिजिटल हाजिरी निष्कृय रहेको कारण हाजिर हुन नसके पछि मैले मलाई कार्यालयमा हाजिर हुन बाट बञ्चित गरिएको बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निवेदन पेश गरेको थिँए । उक्त निवेदनका संबन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०८३।०१।२४ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार भएको र सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८३।०२।०८ मा सो बिषयमा नगरपालिकालाई पत्राचार भए पश्चात मलाई मिति २०८३।०२।११ देखि हाजिरी रजिष्टरमा हाजिर गराईएको थियो । यसरी हाजिरी संबन्धी बिषय प्रशासनिक पत्राचार र बिवाद संग जोडिएको

हुँदा एउटा पक्षको बिबरणलाई मात्र आधार बनाई बिना जानकारी अनुपस्थित भन्ने आशयको समाचार प्रकाशन गर्दा तथ्यको पूर्णता र सन्तुलन कायम भएको देखिदैंन ।

(घ) **तलब भत्ता तथा आर्थिक बिषयमा सिर्जित भ्रमः**

समाचारमा मेरो नाम संग तलब, भत्ता, तथा अन्य आर्थिक सुविधा जोडेर प्रस्तुत गरिएको कारण पाठकमा मैले आफै निर्णय गरि वा अनुचित रुपमा रकम भुक्तानी लिएको हुनसक्ने किसिमको भ्रम सृजना भएको मेरो गुनासो छ । आन्तरिक लेखापरीक्षणको जिम्मेवारीमा रहेको कर्मचारीले आफ्नो ईच्छाले आफैलाई एक रुपैंया रकम भुक्तानी गर्न सक्ने अबस्था हुँदैन । कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा प्रचलित कानून, स्वीकृत बजेट, हाजिरी, सेवा अभिलेख, संबन्धित निर्णय तथा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत प्रकृयाका आधारमा भुक्तानी हुने बिषय हो । अतः तलब भत्ता लगायतका आर्थिक बिषय समाचारमा उठाउदा संबन्धीत भुक्तानी कसको निर्णय र स्वीकृतीमा भएको हो ? त्यसको कानूनी आधार के थियो ? **यस्ता प्रकारका भुक्तानी कुनकुन कर्मचारीले प्राप्त गरेका थिए ?** र त्यसमा मेरो भुमिका के थियो भन्ने तथ्य समेत परीक्षण गरि स्पष्ट पारिनुपर्नेमा त्यसो नगर्दा म प्रति अनावश्यक नकारात्मक धारणा सिर्जना भएको छ । म कार्यालयमा हाजिर भैरहेको अबस्थामा समेत २०८३ बैशाख महिना देखि मलाई तलब भत्ता भुक्तानी गरिएको छैन । यसरी नगरपालिकामा हाजिर भैरहेको कर्मचारीलाई तलव भत्ता रोक्ने के कानूनी आधार छ ? यस्तो किसिमको बिवादास्पद तथा आधिकारिक तथ्य हुंदाहुंदै उक्त तथ्यको पर्याप्त परिक्षण नगरि तलब भत्ता तथा अन्य खर्च भुक्तानी संबन्धी बिषयलाई मेरो ब्यक्तिगत आचरण वा आर्थिक अनियमितता संग जोडीने किसिमबाट मात्र प्रस्तुत गरिएको समाचार तथ्यगत रुपमा अपूर्ण र एकपक्षिय प्रस्तुती हो भन्ने मेरो जिकिर छ ।

(ङ) तह बृद्धि र काज फिर्ता संबन्धी बिषयः

कर्मचारी समायोजन ऐन बमोजिम समायोजन हुँदाका बखत तहबृद्धि नभएका कर्मचारीहरुको तहकायम संबन्धी ब्यवस्थाको सुविधा मैले उपभोग गरेको हो तहबृद्धि र तहकाययमा निश्चय नै भिन्नता रहेको छ । नागार्जुन नगरपालिकामा मलाई तह बृद्धिको सुबिधाबाट समेत बञ्चित गराई मेरो बृति विकासमा समेत गम्भिर असर पार्ने कार्य भएको छ । मलाई अधिकार प्राप्त निकाय भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाटबाट आधिकारिक रुपमा काज फिर्ता गरिएको छैन । **नागार्जुन नगरपालिकामा अन्य निकायबाट तहबृद्धि लिई कामकाज गरि रहेका अन्य कर्मचारी पनि थिए कि थिएनन ?** भन्ने खोज पत्रकारिताको अभ्यास भएको नदेखिँदा कुनै एटटा ब्यक्तिको मात्र चरित्र हत्या गर्ने उद्धेश्यले प्रायोजित रुपमा सामाचार संप्रेषण गरेको जस्तो महसुस हुने गरि सामाचार प्रकाशित गरेको देखिन्छ । तर नगरपालिको काज फिर्ता संबन्धी निर्णयको कानूनी आधार, निर्णय गर्ने निकायको अधिकार क्षेत्र, अपनाईएको प्रक्रियाका संबन्धमा मेरो असहमती हो । उक्त बिषयको बैधानिकताको निरुपण संबन्धित सक्षम प्रशासनिक वा न्यायिक निकायबाट प्रचलित कानून तथा अबलम्वन गरिएको अभ्यास बमोजिम हुनुपर्ने बिषय हो । त्यसैले उक्त प्रशासनिक विवादलाई मेरो ब्यक्तिगत आचरण वा अनुशासनहिनताको रुपमा प्रस्तुत गर्नु अघि संबन्धित निर्णय, पत्राचार र मेरो पक्ष समेत परीक्षण गर्न आवश्यक थियो भन्ने मेरो निवेदन छ ।

(च) प्रतिक्रिया नलिई पटकपटक समाचार प्रकाशनः

कर्मचारी प्रेसले मिति २०८३ भाद्र ८,१७,१८, र २९ गते एउटै बिषय संग संबन्धित सामाग्रीहरु पटक पटक प्रकाशित गरेको भएता पनि कुनै पनि सामाचार प्रकाशन गर्नु अघि म संग सम्पर्क गरि मेरो प्रतिक्रिया वा स्पष्टिकरण मागिएको थिएन । यदि प्रतिक्रिया मागिएको भए मैले बिदाको

निवेदन, डिजिटल हाजिरी संबन्धी अभिलेख, कार्यालयमा उपस्थित भएको बिबरण, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्रचार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका पत्र तथा तलब भत्ता संबन्धी प्रमाण उपलब्ध गराउन सक्ने थिँए । यसरी संबन्धित पक्षको भनाई नलिई निरन्तर समाचार प्रकाशन हुँदा मेरो पक्ष र आधिकारिक प्रमाणहरु पाठक समक्ष नपुगेको र समाचार एकपक्षिय बन्न गएको मेरो गम्भिर गुनासो रहेको छ ।

(छ) ब्यक्तिगत तस्वीरको प्रयोग तथा प्रतिष्ठामा परेको असरः

समाचारमा मेरो नाम र पद संगै सामाजिक सञ्जालबाट लिईएको मेरो ब्यक्तिगत तस्विर समेत प्रयोग गरि एउटै बिषयमा पटक पटक समाचार प्रकाशित गरिएको छ । सार्वजनिक पदमा रहेको ब्यक्तिको सार्वजनिक कार्यसंग संबन्धित बिबरणबारे आधार, कारण वा प्रमाण सहित स्वस्थ टिप्पणी गर्न सकिने भए पनि ब्यक्तिगत तस्वीर तथा चरित्र संबन्धी बिषय प्रयोग गर्दा सार्वजनिक हित, आबश्यकता, तथ्यगत आधार, व्यक्तिको प्रतिष्ठा, तथा गोपनीयताको अधिकार बिच उचित सन्तुलन हुनुपर्दछ । उक्त समाचारहरुको पुनरावृत्त प्रकाशनबाट मेरो ब्यक्तिगत, पारिवारिक, पेशागत तथा सामाजिक प्रतिष्ठामा समेत प्रतिकुल असर परेको छ । त्यसैले तस्वीरको प्रयोग, समाचारको पुनरावृत्त प्रकाशन पत्रकार आचारसंहिता तथा प्रचलित गोपनीयता संबन्धी कानून अनुकुल नभएकोले क्षमायाचना सहित प्रकाशित गर्नुपर्ने देखिन्छ।

(ज) खोजमुलक पत्रकारिता प्रति मेरो धारणाः

सार्वजनिक निकायमा हुने आर्थिक तथा प्रशासनिक अनियमितताको तथ्यपरक खोज र प्रकाशनले सुशासन तथा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्याउछ । तर खोज मुलक पत्रकारिताको नाममा कुनै एक ब्यक्तिको संबन्धमा मात्र निरन्तर सामाचार प्रकाशन गर्दा संबन्धित

निर्णय गर्ने अधिकारी, आर्थिक कारोबार स्वीकृत गर्ने पदाधिकारी तथा घटना संग संबन्धित अन्य पक्षको भूमिका पनि समान रुपमा तथ्य परिक्षणको बिषय बन्नुपर्छ । मेरो बिषयमा उठाईएका विषयमा संबन्धित सबै पक्षको भूमिका, निर्णय प्रक्रिया, आधिकारीक अभिलेख र प्रमाण परिक्षण गरि मेरो प्रतिक्रिया समावेश गरिएको भए समाचार अझ निष्पक्ष, सन्तुलित र तथ्यपरक हुने थियो ।

यसरी एउटै बिषयको समाचार छोटो समयमा पटक पटक फरक फरक शिर्षक राखि ब्यक्तिगत तस्वीरको प्रयोग गरि प्रकाशन गर्दा मेरो पेशागत तथा सामाजिक प्रतिष्ठामा निरन्तर नकारात्मक प्रभाव पार्ने अवस्था सिर्जना गरिएको ब्यहोरा समेत गम्भिर ध्यानाकर्षण गराँउदछु । सम्बन्धित व्यक्तिको भनाइ नै नलिई उसलाई गम्भीर आरोपसँग जोडेर निष्कर्षात्मक समाचार प्रकाशन गर्नु सन्तुलित र जिम्मेवार पत्रकारिताको न्यूनतम मापदण्डसँग समेत मेल खाँदैन । समाचारमा मेरो पक्षसमेत राखिएको भए तथ्यको वास्तविकता स्पष्ट गर्ने अवसर प्राप्त हुन्थ्यो। तर त्यो अवसर जानाजानी वा लापरवाहीवश नदिइएको देखिन्छ । उल्लेखित भनाईहरुलाई पुष्टि गर्ने कागजात थान-१४ संलग्न राखि पेश गरेको छु । म प्रति आर्थिक अनियमितता तथा अनुशासनहिनताको धारणा बनाउनु पूर्व एक पटक ४३ पृष्ठको आलेप प्रतिवेदन अध्ययन गर्नुहुन समेत सम्पूर्ण पाठक बृन्दमा बिनम्रताका साथ अनुरोध गर्दछु ।

<u>बोधार्थः</u>

प्रेस काउन्सिल नेपाल, काठमाण्डौ ।

निवेदक,

नामः प्रेम बहादुर गिरी

हस्ताक्षरः

मोवाईल नं. ९८५७८२२९०२

ईमेलः premgiri72@gmail.com

२०६३/०६/०१